# व्यावसायिक कफीखेती सर्वेक्षण २०७५/७६

# प्रतिवेदन २०७६



नेपाल सरकार
राष्ट्रिय योजना आयोग
**केन्द्रीय तथ्याङ्क विभाग**
थापाथली, काठमाण्डौ

# प्राक्कथन

व्यावसायिक चिया तथा कफीखेतीको बिस्तारसँगै हालका दिनहरुमा यससँग सम्वन्धित भरपर्दो र आधिकारिक तथ्यांकको आवश्यकता महसुस हुन थालेको छ । केन्द्रीय तथ्यांक विभागबाट आवधिकरुपमा गरिने कृषिगणनामा कृषक परिवारले गरेको चिया तथा कफीखेतीसम्बन्धी तथ्यांक संकलन गरिएको भएतापनि व्यावसायिकरुपमा गरिएको चिया तथा कफीखेतीसम्बन्धी आधिकारिक तथ्यांक संकलन नभएका कारण यस सम्बन्धी तथ्यांकको अभाव रहेको थियो । यसै अभावलाई मध्यनजर गरी केन्द्रीय तथ्यांक विभागले चालु आर्थिक वर्षमा व्यावसायिक कफीखेती सर्वेक्षण २०७५/७६ संचालन गरी त्यसको नतिजा सार्वजनिक गरेको छ । प्रस्तुत प्रतिवेदनमा व्यावसायिकरुपले लगाइएको कफीको फ्रेस चेरीको उत्पादन परिमाण, यी व्यावसायहरुबाट भएको रोजगारीको सृजना, सालबसाली खर्चका साथै चिया तथा कफीखेती ब्यवसायमा प्रभाव पार्ने विविध पक्षहरुलाई समेटिएको छ । यी ब्यवसायहरुले राष्ट्रिय आयमा पुऱ्याउने योगदानको अनुमान गर्न प्राप्त नतिजाहरुलाई उपयोग गर्न सकिनेछ ।

सर्वेक्षणबाट प्राप्त नतिजाहरु कृषिगणनाकै पुरक हुन् जुन योजनाविद्,नीतिनिर्माता, अनुसन्धानकर्ता र अन्य प्रयोगकर्तालाई उपयोगी हुने अपेक्षा गरिएकोछ । सर्वेक्षणको सहजीकरण र समग्र ब्यवस्थापनका लागि विभागका उप महानिर्देशकद्धय श्री नेबिनलाल श्रेष्ठ तथा श्री हेमराज रेग्मीप्रति म आभार ब्यक्त गर्न चाहन्छु। समग्र सर्वेक्षण प्रकृयामा महत्वपूर्ण भूमिका खेल्नुहुने शाखाका निर्देशकद्वय डा.श्री महेश कुमार सुवेदी तथा श्री बद्री कुमार कार्की, शाखाका तात्कालिन निर्देशक श्री अम्बिका बस्याल तथा सर्वेक्षणको प्राविधिक पक्षका सम्वन्धमा सहयोग र सुझाव दिनुहुने कृषि तथा वन शाखाका निर्देशक श्री बिरेन्द्र कुमार कायस्थलाई पनि बिशेष धन्यवाद दिन चाहन्छु । यसैगरी तथ्यांक अधिकृतहरु श्री किशोर के सी, श्री गणेश प्रसाद फुयाल, श्री निराजन शर्मा, श्री जीवन पौडेल, कम्प्युटर अधिकृत श्री राजु पोखरेल तथा तथ्यांक सहायक श्री सुरोज घजुलाई पनि धन्यवाद दिन चाहन्छु । साथै सर्वेक्षणको स्थलगत कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउने जिल्लास्थित तथ्यांक कार्यालय र राष्ट्रिय चिया तथा कफी विकास बोर्डका सम्पूर्ण कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, सर्वेक्षण संचालनको प्रारम्भिक चरणदेखि नै यस विभागसँग सहकार्य गरी महत्वपूर्ण सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने राष्ट्रिय चिया तथा कफी बिकास बोर्डप्रति बिशेष आभार ब्यक्त गर्न चाहन्छु । यसैगरी सर्वेक्षणका क्रममा महत्वपूर्ण सूचना र जानकारी उपलब्ध गराउनु हुने सम्पूर्ण उत्तरदाता व्यावसायीप्रति हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु ।

**असार, २०७६**

सुमनराज अर्याल
महानिर्देशक
केन्द्रीय तथ्यांक विभाग

# विषय सूची

**१. परिचय** ........ 1

**२. उद्देश्य** ........ 2

**३. परिभाषा तथा सर्वेक्षण विधि** ........ 2

३.१ व्यावसायिक कफीखेतीको परिभाषा ........ 2

३.२ अध्ययनको दायरा तथा क्षेत्र ........ 3

३.३ तथ्याङ्कको स्रोत ........ 3

३.४ सन्दर्भ अवधि ........ 3

**४. संक्षिप्त नतिजा** ........ 4

**५. व्यावसायिक कफीखेती सर्वेक्षण २०७५/७६ बाट प्राप्त जिल्लागत तालिकाहरु** ........ 13

**६. व्यावसायिक कफीखेती सर्वेक्षणको प्रश्नावली** ........ 41

# नेपालमा व्यावसायिक कफीखेती गरिएका जिल्लाहरु



# १. परिचय

भौगोलिक अवस्था, हावापानी र माटोको हिसावले नेपालका मध्यपहाडी जिल्लाहरु कफीखेतीकालागि उपयुक्त क्षेत्र मानिन्छन् । नेपालमा कफीखेती ८०० मीटर देखि १ हजार ६ सय मिटरसम्मको उचाइमा रहेका गुल्मी, पाल्पा, अर्घाखाँची, ललितपुर, तनहुँ, काभ्रे, सिन्धुपाल्चोक, लमजुङ्ग, कास्की, गोरखा, स्याङ्गजा, पर्वत, वाग्लुङ्ग लगायत ३२ जिल्लाहरुमा व्यावसायिकरुपमा अरविका वर्णको टिपिका र वर्वन जातका कफीको खेती गर्ने गरिन्छ । अतः नेपालका बिषेशतः मध्यपहाडी जिल्लाहरुमा कफीखेती गरिबी निवारण, रोजगारी सिर्जना, वातावरण सुरक्षा, तथा दिगो आय आर्जन गर्ने एक लोकप्रीय खेतीको रुपमा स्थापित हुदै आएको छ।

नेपालमा कफीखेती प्राय प्राङ्गरिक पद्दतिबाट गरिने भएकोले उत्पादित कफीलाई अन्तर्राष्ट्रिय बजारमा स्पेसियालिटी कफीको रुपमा लिइने हुँदा नेपाली कफीको जापान, अमेरिका र युरोपेली विभिन्न मुलुकमा धेरै माग हुने हुँदा ती मुलुकमा निर्यात समेत हुने गर्दछ । यसप्रकार कफी एक निर्यात योग्य नगदे वाली भएको हुँदा कफीखेतीको विकासको लागि वि.सं. २०४७ सालमा कफीखेती गर्ने कृषकहरुको संगठन नेपाल कफी व्यवसायी संघको स्थापनाका साथै नेपाल सरकारबाट वि.सं. २०५० जेष्ठ २० गते राष्ट्रिय चिया तथा कफी विकास बोर्डको स्थापना गरियो । हालका दिनमा घरपरिवारमा मात्र सिमीत कफीखेतीलाई व्यावसायिकता प्रदान गर्न निजी तथा सरकारी क्षेत्रको सहभागितामा कफीको उत्पादन बृद्धि गरी प्रशोधन तथा व्यापारिक कारोवार गरी रोजगारीको अवसरमा वृद्धि गर्नुका साथै वैदेशिक मुद्रा आर्जन गर्ने महत्वपूर्ण स्रोतको रुपमा कफीखेतीलाई विकास गर्न नेपाल सरकारले राष्ट्रिय कफी नीति, २०६० स्वीकृत गरी लागू समेत गरिसकेको छ ।

व्यावसायिक कफीखेतीको विस्तारसँगै हालका दिनमा यससँग सम्वन्धित तथ्यांकको आवश्यकताको महसुस हुन थालेको छ। नेपालमा व्यावसायिक कफीखेतीको अवस्था र यससँग सम्वन्धित तथ्यांकको अभावलाई पुर्ति गर्ने उद्देश्यले केन्द्रीय तथ्यांक विभाग अन्तर्गतको कृषि तथा पशुपंक्षी गणना तथा सर्वेक्षण शाखाले आ.व. २०७५/७६ मा व्यावसायिक कफीखेती सर्वेक्षण गरेको थियो । यो सर्वेक्षणको मुख्य उद्देश्य नेपालमा कफीखेती गरिएको क्षेत्रफल, उत्पादन, बिक्री मूल्य, यसमा भएको लगानी, यसबाट सृजित रोजगारी, बजारको उपलब्धता, कृषकका समस्या लगायतका समग्र सूचनाहरु उपलब्ध गराउनु हो। यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरु यस व्यवसायको विकासका लागि आवश्यक नीति निर्माण तथा योजना तर्जुमा र अनुगमन एवं मूल्यांकन गर्न उपयोगी हुनाका साथै अनुसन्धानकर्ता, व्यवसायी, विद्यार्थी र यस क्षेत्रमा चासो राख्ने अन्य सबै सरोकारवाला व्यक्तिहरुलाई पनि महत्वपूर्ण हुने विश्वास विभागले लिएको छ ।

## २. उद्देश्य

नेपालमादर्ता गरी वा नगरी व्यावसायिकरूपमा गरिएको कफीखेतीको अवस्था (Status), बनौट (Structure)र प्रकृति (Nature)सम्बन्धी जानकारीका साथै व्यावसायिकरूपमा कफीखेती गर्ने त्यस्ता फर्म/व्यावसायीहरूको जम्मा संख्या, कफीखेती गरिएको क्षेत्रफल तथा उत्पादन, बिक्री,रोजगारी, सञ्चालन तथा पूँजीगत खर्चका साथै कफीखेतीसँग सम्बन्धित अन्य विवरणहरूको सङ्कलन, प्रशोधन, विश्लेषण एवं व्याख्या गरेर नेपालमा गरिएको व्यावसायिक कफीखेती सम्बन्धी तथ्याङ्कीय विवरण प्रकाशन गर्नु यस सर्वेक्षणको प्रमुख उद्देश्य हो ।

**यो सर्वेक्षणका उद्देश्यहरू देहायअनुसार रहेका छन् ।**

क) राष्ट्रिय अर्थतन्त्रमा व्यावसायिक कफीखेतीले पुऱ्याएको योगदानको अनुमान गर्ने ।

ख) व्यावसायिक कफीखेतीको अवस्था, वितरण, बनोट, प्रकृति, उत्पादित वस्तुको उपयोगको बारेमा तथ्याङ्कीय सूचना उपलब्ध गराउने ।

ग) यस क्षेत्रमा रोजगारीको स्थितिको बारेमा तथ्याङ्कीय सूचना उपलब्ध गराउने ।

घ) तथ्यमा आधारित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न योजनाविद्, नीति निर्माणकर्ता, प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी तथा सरोकारवालाहरूलाई कफीखेतीसम्बन्धी तथ्याङ्क उपलब्ध गराउने ।

## ३. परिभाषा तथा सर्वेक्षण विधि

### *३.१ व्यावसायिक कफीखेतीको परिभाषा*

व्यावसायिक कफीखेती सर्वेक्षण २०७५ प्रयोजनको लागि व्यावसायिक कफीखेती व्यवसाय भन्नाले अर्थोपार्जनका उद्देश्यले *बगैंचाको रूपमा वा छरिएर रहेका कम्तिमा ५० बोट (फलदिने वा फल नदिने) वा सो भन्दा माथिको संख्यामा कफीका बोट बिरूवा लगाई कफी उत्पादन गरी बिक्री वितरण गर्ने*गरी सञ्चालित व्यावसाय/व्यावसायीलाई जनाउँदछ ।

***बगैंचाको रूपमा लगाईएको:****यसमा कफीका बोट तथा बिरुवाहरू साधारणतया क्रमबद्ध र व्यवस्थित तरिकाबाट लगाइएका हुन्छन् । कफीका बोट तथा बिरुवाहरू व्यवस्थित र क्रमबद्धरूपले नलगाइएको भए तापनि बाक्लो गरी लगाइएको भएमा बगैंचाको रूपमा लगाइएको मानिनेछ ।*

***छरिएर रहेका:****यसमा कफीका बोट तथा बिरुवाहरू*छरिएर वा अलगअलग रहेका हुन्छन् । जसको क्षेत्रफल निर्धारण गर्न अप्ठ्यारो हुन्छ । अन्य स्थायी बाली लागेका कित्ताहरुमा पनि कफीका बोटहरु हुनसक्दछन् । यस्ता बोटहरु पनि छरिएको बोट सङ्ख्या अर्न्तगत गणना गर्नुपर्दछ ।

***फल लाग्ने उमेरको:*** *यसमा फल दिने उत्पादनशील कफीका बोट तथा बिरुवाहरूपर्दछन् । धेरैजसो कफीका बोट निश्चित उमेरपछि मात्रै उत्पादन दिन शुरु गर्दछन । यस उमेरका कफीका बोटले मौसमी वा अन्य कुनै कारणले गणनाको वर्षमा फल नदिएको भए तापनि फल दिने उमेरमै समावेश गर्नुपर्दछ । पुराना रुखहरू वा अन्य कुनै कारणले लामो समयदेखि फल दिन छाडेका रुखहरू छुट्टयाउन सकिने भए फल दिने उमेरका रुखहरूमा गणना गर्नु हुँदैन । फल नलाग्ने उमेरका रुख सङ्ख्या पनि लेख्नुपर्ने भएकोले सो पनि छुट्टयाउनु पर्दछ ।*

***फल नलाग्ने उमेरको:*** *फल नलाग्ने उमेरका कफीका बोट तथा बिरुवाहरूभन्नाले कलिलो भई फल लाग्न सुरु नभएका बोट वा पुरानो भई फल नलाग्ने भएका बोटलाई जनाउँछ ।*

### *३.२ अध्ययनको दायरा तथा क्षेत्र*

व्यावसायिकरूपमा कफीखेती गर्ने फर्म/व्यावसायीहरूको जम्मा संख्या, कफीखेती गरिएको क्षेत्रफल तथा उत्पादन, बिक्री,रोजगारी, व्यवसाय सञ्चालनमागरिएको चालु तथा पूँजीगत खर्च, व्यवसायका लागि लिईएको ऋणसम्बन्धी विवरण, व्यावसायीले लिएको तालिमसम्बन्धी विवरण, व्यावसायीको पूर्व व्यवसायका साथै व्यवसायमा प्रभाव पार्ने विविध पक्षहरुसम्बन्धी व्यावसायीको धारणा लगायत व्यावसायिक उन्नतीका लागि सरकारसँगको अपेक्षा आदि समेटिएको छ ।

### *३.३ तथ्याङ्कको स्रोत*

पहिलो चरणमाव्यावसायिकरूपमा कफीखेती गरिएका प्रत्येक जिल्लामा गई माथि उल्लिखित परिभाषा अनुसार सञ्चालनमा रहेका व्यावसायी/कृषक परिवारको नामनामेसी साथै कफीखेती गरेको क्षेत्रफल, बोट संख्या, उत्पादन तथा तलबी कामदार/कर्मचारी संख्या सहितको विवरण संकलन गरी जिल्लाअनुसार सूची तयार गरी दोस्रो चरणमा त्यसै सूचीका आधारमा नमूना छनौट गरी छनौटमा परेका व्यावसायी/कृषकहरुसँग गइ अन्तरवार्ता बिधिबाट प्रश्नावली भरिएको हो ।

### *३.४ सन्दर्भ अवधि*

व्यावसायिक कफीखेती सर्वेक्षण २०७५ को लागि सन्दर्भ वर्ष र सन्दर्भ दिन गरी दुई किसिमका सन्दर्भ समय लिइएका छन् । ***सन्दर्भ वर्ष भन्नाले मिति २०७४ बैशाख १ देखि २०७४ चैत्र मसान्तसम्म***को १२ महिनाको अवधिलाई मानिएको छ । ***सन्दर्भ दिन भन्नाले गणना गरिने दिन***लाई मानिएको छ । प्रश्नावलीअन्तर्गत संकलन गरिने विभिन्न विवरणहरुको सन्दर्भ समय साधारणतया १२ महिनाको अवधिलाई मानिएको छ । *जस्तै: व्यवसाय सञ्चालनमा भएको चालु तथा पूँजीगत खर्च, अस्थायी कामदार संख्या, कफीका बोट विरूवा उत्पादन तथा बिक्री आदिको विवरण लिँदा सन्दर्भअवधि १२ महिनाको अवधिलाई मानी विवरण संकलन गरिन्छ भने स्थायी कामदारको संख्या, कृषि ऋण आदिलाई लिँदा गणनाको दिनलाई सन्दर्भ अवधि मानी विवरण संकलन गरिन्छ ।*

## ४. संक्षिप्त नतिजा

- देशका ७७ जिल्लाहरुमध्ये ३२ जिल्लाहरुमा मात्र व्यावसायिकरुपले कफीखेती गरेको पाईएको छ।
- सन्दर्भ अवधिमा ती ३२ जिल्लामा ६ हजार ३ सय ४६कृषक/व्यवसायीहरुले ९७३ हेक्टर जमिनमा व्यावसायिक कफीखेती गरेको देखिन्छ।
- **कफीखेतीको क्षेत्रफलको आधारमा** सबैभन्दा धेरै काभ्रेपलाञ्चोक जिल्लामा १०४.३ हेक्टर, दोस्रो ललितपुरमा ९६.३ हेक्टर, तेस्रो स्याङजामा ९४.१हेक्टर र सबैभन्दा कम प्युठानमा ०.८ हेक्टर कफीखेती गरेको पाईएको छ।
- सर्वेक्षणले कृषक/व्यावसायीहरुले वार्षिकरुपमा १५ सय ७३ मे.ट. फ्रेस चेरी उत्पादन गरेको देखाएको छ।
- **कफी उत्पादनको आधारमा**सबैभन्दा धेरै काभ्रेपलाञ्चोक जिल्लामा २ सय २१ मे.ट., दोस्रो स्याङजामा १ सय ५८ मे.ट., तेस्रो सिन्धुपाल्चोकमा १ सय ४१ मे.ट. उत्पादन भएको देखिन्छ।
- **कृषक/व्यावसायी संख्याको आधारमा** सबैभन्दा बढी काभ्रेपलाञ्चोक जिल्लामा ९४३, दोस्रो सिन्धुपाल्चोकमा ७५३, तेस्रो स्याङजामा ७०८ र सबैभन्दा कम धनकुटामा १० रहेको देखिन्छ।
- सर्वेक्षणले व्यावसायिक कफीखेती प्रदेश नं. १, ३, ५ र गण्डकी प्रदेशमा मात्र भएको देखाएको छ।
- **प्रदेश अनुसार**सबैभन्दा बढी प्रदेश नं. ३ मा २७५८ कृषक/व्यावसायीहरुले ४२३.४ हेक्टर क्षेत्रफलमा ७५७.८ मे.ट. फ्रेस चेरी, उत्पादन गरेको देखिन्छ भने प्रदेश नं. १ मा ५६९ कृषक/व्यावसायीहरुले १२०.५ हेक्टर क्षेत्रफलमा १०३.६ मे.ट. फ्रेस चेरी, गण्डकी प्रदेशमा १८७२ कृषक/व्यावसायीहरुले २८१.४ हेक्टर क्षेत्रफलमा ४२२.४ मे.ट. फ्रेस चेरी र प्रदेश नं. ५ मा ११४८ कृषक/व्यावसायीहरुले १४७.२ हेक्टर क्षेत्रफलमा २८९.७ मे.ट. फ्रेस चेरी उत्पादन गरेको देखिन्छ।

**जिल्लाअनुसार व्यावसायिक कफीखेतीको विवरणनिम्नानुसार रहेको छ।**

| जिल्ला | कृषक/फर्मको संख्या | फल लाग्ने उमेर पुगेका बोट लगाएको क्षेत्रफल (हे.) | फल लाग्ने उमेरका बोट संख्या | फल लाग्ने उमेर नपुगेका बोट लगाएको क्षेत्रफल (हे.) | फल लाग्ने उमेर नपुगेका बोट संख्या | जम्मा बोट संख्या | जम्मा क्षेत्रफल (हे.) | फ्रेस चेरी उत्पादन (के.जी.) |
|---|---|---|---|---|---|---|---|---|
| धनकुटा | १० | २.८ | ४७८५ | ३.३ | ५९५५ | १०७४० | ६.२ | ११९८३ |
| संखुवासभा | १४ | ४.२ | ५४४८ | ४.७ | ४१६० | ९६०८ | ८.८ | ८५१० |
| ओखलढुङ्गा | १६ | ०.८ | १२८० | ०.७ | १३१२ | २५९२ | १.५ | २९६५ |
| भोजपुर | १६ | ७.९ | १२२४१ | १०.० | १५३९७ | २७६३८ | १७.९ | १२४२७ |
| ताप्लेजुङ | २१ | १.१ | १५५५ | ३.३ | ४७९५ | ६३५० | ४.४ | २७७८ |
| खोटाङ | २४ | ०.७ | ५५० | ४.९ | ११७७२ | १२३२२ | ५.५ | १५६१ |
| उदयपुर | २९ | १.९ | २१९६ | १.६ | १९२९ | ४१२५ | ३.५ | ५४८० |
| पाँचथर | ३७ | ४.२ | ४९४७ | ९.२ | १७९५० | २२८९७ | १३.४ | ११४२५ |
| तेह्रथुम | १६६ | ०.८ | १५२७ | १५.३ | २१००८ | २२५३५ | १६.२ | ३८८३ |
| इलाम | २३६ | १०.३ | ३२९२८ | ३२.९ | ५५२३० | ८८१५८ | ४३.१ | ४२६४९ |
| प्रदेश नं. १ | ५६९ | ३४.७ | ६७४५७ | ८५.९ | १३९५०८ | २०६९६५ | १२०.५ | १०३६६१ |

| जिल्ला | कृषक/ फर्मको संख्या | फल लाग्ने उमेर पुगेका बोट लगाएको क्षेत्रफल ( हे.) | फल लाग्ने उमेरका बोट संख्या | फल लाग्ने उमेर नपुगेका बोट लगाएको क्षेत्रफल (हे.) | फल लाग्ने उमेर नपुगेका बोट संख्या | जम्मा बोट संख्या | जम्मा क्षेत्रफल (हे.) | फ्रेस चेरी उत्पादन ( के.जी.) |
|---|---|---|---|---|---|---|---|---|
| दोलखा | ४७ | २.२ | ३३१३ | २.६ | ४३८४ | ७६९७ | ४.८ | ९७१७ |
| सिन्धुपाल्चोक | ७५५ | ४०.६ | ६१४५३ | ४२.१ | ६५३३७ | १२६७९१ | ८२.७ | १४१३५२ |
| रसुवा | ५३ | ४.१ | ७९०२ | ६.७ | १०४३२ | १८३३४ | १०.८ | १९१३६ |
| धादिङ | १११ | ३१.६ | ५४७१४ | १७.६ | २८६८४ | ८३३९८ | ४९.२ | ७२७४४ |
| नुवाकोट | २६६ | ३३.३ | ६२०९४ | ३१.५ | ४९४७० | १११५६५ | ६४.८ | १३७२०१ |
| ललितपुर | ५२८ | ६३.९ | १००९४१ | ३२.४ | ४८२८८ | १४९२२९ | ९६.३ | १३६२८७ |
| काभ्रेपलाञ्चोक | ९४३ | ६५.५ | १००४३० | ३८.८ | ५१६५१ | १५२०८१ | १०४.३ | २२१९०७ |
| रामेछाप | २० | १.० | १२५० | १.३ | १६५० | २९०० | २.३ | १९७३ |
| सिन्धुली | २० | ०.६ | ६६० | १.० | १४६७ | २१२७ | १.६ | १८८० |
| मकवानपुर | १५ | ६.० | ११७८० | ०.७ | १३९५ | १३१७५ | ६.६ | १५६३७ |
| प्रद्रेश नं. ३ | २७५८ | २४८.८ | ४०४५३७ | १७४.६ | २६२७५८ | ६६७२९७ | ४२३.४ | ७५७८३४ |
| गोरखा | १७२ | १३.७ | १२६४४ | २९.७ | ३३७१० | ४६३५४ | ४३.४ | २२८४३ |
| म्याग्दी | १४ | ०.४ | १५९ | १.१ | २०५३ | २२१२ | १.५ | ३९० |
| कास्की | ५२४ | ४२.१ | ५८००३ | ४१.३ | ५५७८५ | ११३७८८ | ८३.३ | १३६०४३ |
| लमजुङ | ९१ | ११.० | १५२५३ | ९.२ | १४६३८ | २९८९१ | २०.३ | ३३१२९ |
| तनहुँ | ७१ | ५.३ | १२१२७ | ५.१ | ७९६२ | २००८९ | १०.४ | १८८१७ |
| स्याङ्जा | ७०८ | ५७.६ | ८८४२७ | ३६.५ | ५५५५४ | १४३९८१ | ९४.१ | १५८८४७ |
| पर्वत | २५१ | १४.८ | १९१५२ | ६.८ | ११३५४ | ३०५०६ | २१.७ | ४३०३७ |
| बागलुङ | ४१ | ३.९ | ४६८२ | २.८ | ३२०१ | ७८८३ | ६.७ | ९३२५ |
| गण्डकी प्रदेश | १८७२ | १४८.८ | २१०४४७ | १३२.६ | १८४२५७ | ३९४७०४ | २८१.४ | ४२२४३१ |
| प्यूठान | १३ | ०.१ | १६० | ०.७ | ११३६ | १२९६ | ०.८ | ३२७ |
| गुल्मी | ५७१ | ४१.७ | ६११६७ | ३६.३ | ५६४४२ | ११७६०९ | ७८.० | १२५०६९ |
| अर्घाखाँची | २३३ | १९.१ | ३२६८८ | ४.९ | ८९६९ | ४१६५७ | २४.० | ७०८०४ |
| पाल्पा | ३३१ | २६.८ | ४३८१४ | १७.७ | ३०८५९ | ७४६७३ | ४४.५ | ९३५१३ |
| प्रद्रेश नं. ५ | ११४८ | ८७.७ | १३७८२९ | ५९.५ | ९७४०६ | २३५२३५ | १४७.२ | २८९७१३ |
| **जम्मा** | **६३४६** | **५१९.९** | **८२१३७१** | **८४५.८** | **६८३९३१** | **१५०५३०२** | **९७२.६** | **१५७३६३६** |

*नोटः दशमलवपछिको अंक मिलान गर्दा शीर्षकगत जोड र कूल जोडमा न्यून फरक हुनसक्ने।*

- व्यावसायिक कफीखेती गर्ने कृषक/व्यावसायीहरुमध्ये ११०१ (१६%) ले १ रोपनीभन्दा कममा कफीखेती गरेको देखिन्छ । त्यस्तै, ४५३० (७१%) ले १ रोपनीभन्दा बढी तर ५ रोपनीभन्दा कममा, ५६७ (९%) ले ५ रोपनीभन्दा बढी तर १० रोपनीभन्दा कममा र २३८ (४%) ले १० रोपनी वा सोभन्दा बढी क्षेत्रफलमा कफीखेती गरेको पाईएको छ ।




- कफीखेती गर्ने कृषक/व्यावसायीहरुमध्ये ९६% कृषक/व्यावसायीहरुले प्राङ्गारिक (Organic)पद्धतिअनुसार कफीखेतीगरेको देखिएको छ । ती मध्ये ९% ले फर्म प्रमाणिकरण, ३४% ले सहकारी/कम्पनी प्रमाणिकरण र ५७% ले प्रमाणिकरण नै नगरी कफीखेती गरिआएको देखिन्छ ।




- व्यावसायिक कफीखेती गर्ने कृषक/व्यावसायीहरुले जम्मा जम्मी ८ हजार १ सय ५ वटा कित्ताहरुमा कफीखेती गरेको देखिन्छ।

- व्यावसायिक कफीखेती गरेका जम्मा कित्ताहरुमध्ये १००० मी. उचाईसम्म ४१% कित्तामा,१००१-१२००मी. सम्म ४३% कित्तामा, १२०१-१४००मी. सम्म १४% कित्तामार१४०० मी. भन्दामाथि ३%कित्तामा खेती गरेको देखिन्छ ।




- व्यावसायिक कफीखेती सर्वेक्षणबाट यस व्यवसायमा संलग्न संचालक/परिवारको सदस्यहरु जम्मा १३ हजार ८ सय ७९ जना देखिन्छ। जसमध्ये पुरुष ६ हजार ७ सय ११ र महिला ७ हजार १ सय ६९ जना रहेको देखिन्छ।
- व्यावसायिक कफीखेती सर्वेक्षणबाट तलब ज्याला लिने (स्थायी कामदार) जम्मा १ सय १३ जना मात्र रहेकोमा पुरुष ७२ र महिला ४१ जना रहेको देखिन्छ।
- व्यावसायिक कफीखेती सर्वेक्षणबाट अस्थायी कामदार (व्यक्ति दिन) जम्मा ४२ हजार ४ सय ८४ व्यक्तिदिन रहेकोमा पुरुष कामदार १५ हजार ५ सय १ व्यक्तिदिन र महिला कामदार २६ हजार ९ सय ८३ व्यक्तिदिन रहेको देखिन्छ।
- सर्वेक्षणले कफीखेती गर्ने व्यावसायीहरुमध्ये ७४%मा प्रमुख सञ्चालक पुरुष र २६% मा महिला प्रमुख सञ्चालक रहेको देखाएको छ।



- सर्वेक्षणले कफीखेती गर्ने प्रमुख सञ्चालकहरुको शैक्षिक अवस्था अनुसार ४८% ले १० कक्षाभन्दा कम, १४% ले एसइइ/एसएलसी, ७% ले प्रमाणपत्र तह, ३/३% ले स्नातक र स्नाककोत्तर तह अध्ययन गरेका पाईएको छ भने १७% सामान्य साक्षर र ७% निरक्षर रहेको देखिन्छ ।




- सर्वेक्षणले कफीखेती गर्ने प्रमुख सञ्चालकहरुको जातजाति अनुसार ५०% ब्राह्मण-पहाडी, १३% क्षेत्री, १०% तामाङ्ग, ८% मगर, ४% गुरुङ्ग, ३% नेवार, २% लिम्बु र ८% अन्य जातजाति रहेको देखाएको छ ।




- कफीखेती गर्ने कृषक/व्यावसायीहरुमध्ये जम्मा १.७% ले मात्रआफ्नो कफीखेती व्यवसाय दर्ता गरी सञ्चालन गरेको देखिन्छ ।




- सर्वेक्षणबाट कफीखेती गर्ने कृषक/व्यावसायीहरुमध्ये जम्मा २.८% व्यवसायीहरुले मात्र कफीखेती व्यवसायका लागि ऋण लिएको पाईएको छ ।
- व्यावसायिक कफीखेती गर्नुअघि ८३% प्रमुख सञ्चालकले आफ्नो पेशा कृषि (कफीखेती बाहेक) रहेको बताएका छन् भने ३% ले व्यापार, १०% ले नोकरी तथा ४% ले अन्य पेशा रहेको बताएका छन् ।




- व्यावसायिक कफीखेती गर्ने कृषक/व्यावसायीहरुमध्ये ११% सञ्चालकहरुले मुख्य आयको श्रोत कफीखेतीनै रहेको बताएको देखिन्छ ।
- व्यावसायिक कफीखेती गर्ने कृषक/व्यावसायीहरुमध्ये ५०% कृषक/व्यावसायीहरुलाई सरकारले तोकेका न्युनतम सहमत मूल्यको बारेमा जानकारी भएको देखिन्छ ।

- सर्वेक्षणमा व्यावसायिक कफीखेती गर्ने ३९% सञ्चालकहरुले मात्र आफूलाई जलवायु परिवर्तनको बारेमा थाहा भएको बताएको देखिन्छ ।जसमध्ये, ५५% ले जलवायु परिवर्तनले असर पारेको, २६% असर नपारेको र १९% ले थाहा नभएको बताएका छन् ।




- सर्वेक्षणमा व्यावसायिक कफीखेती गर्ने सञ्चालकहरुले जलवायु परिवर्तनको असर तपशिल बमोजिमको रहेको बताएका छन् ।




*नोटः बहुउत्तर प्रश्न भएकाले प्रतिशतमा १०० भन्दा बढी देखिन आएको ।*

- व्यावसायिक कफीखेती गर्ने सञ्चालकहरुमध्ये ३० वर्ष भन्दा कम उमेर समूहका ४%, ३० वर्ष देखि ३९ वर्ष उमेर समूहका १५%, ४० वर्ष देखि ४९ वर्ष उमेर समूहका ३०% र ५१% सोभन्दा माथिको उमेर समूहका रहेको देखिन्छ।

- कफीखेतीको लागि गरिएको सालवसाली खर्चमध्ये विरुवा खरिदमा २५ लाख ६३ हजार, मल खरिदमा २५ लाख ६३ हजार र अन्य खरिदमा ९१ लाख ७७ हजार रहेको देखिन्छ ।
- कफीखेती अन्तर्गत तलव ज्यालामा २ करोड ७९ लाख ३७ हजार खर्च भएको देखिन्छ ।
- कफीखेतीसंग एकिकृतरुपमा लगाईएको छाहारी बोटबाट बार्षिक रु. २ करोड ९४ लाख २९ हजार तथा घुसुवा बालीबाट रु. १ करोड ६० लाख ७५ हजार आम्दानी भएको देखिन्छ ।
- प्रमुख व्यावसायीहरुमध्ये ७८% ले कफीखेती सम्बन्धी तालिम लिएको देखिएको छ ।
- सर्वेक्षणले व्यावसायिक कफीखेती वि.स. २०२७ बाट शुरुभई वि.स. २०६० देखि वि.स.२०७० को दशकमा सबैभन्दा बढी ५०% कृषक/व्यावसायी कफीखेतीमा लागेको देखाएको छ ।




- व्यावसायिक कफीखेती गर्ने सञ्चालकलाई तपाई आफ्नो व्यवसाय प्रति कत्तिको सन्तुष्टहुनुहुन्छ भन्ने प्रश्नमा ७१.८% व्यवसायीहरुले ठिकै भनेकोसर्वेक्षणले देखाएको छ । ६०% संचालककलेसरकारी प्राविधिकको उपलब्धता राम्रो नभएको, ३५% ले निजीस्तरका प्राविधिक सेवाको उपलब्धता ठिकै भएको, ५०% ले उत्पादनका लागि वजार राम्रो भएको, ४०% ले गैर सरकारी संघसंस्थाको सेवाको उपलब्धता ठिकै भएको, ४३% ले चिया तथा कफी विकास बोर्डको सेवा थाहा नभएको, ५४.३% ले कफीको मूल्य ठिकै भएको र ४६.७% वित्तीय संस्थाबाट सुलभ ऋणको उपलब्धता थाहा नभएको भन्ने कृषक/व्यावसायीको धारणा रहेको देखिन्छ ।




- व्यावसायीलाई आगामी वर्षमा कफीखेतीको लागि के योजना छ भनी सोधिएकोमा ६५% ले विस्तार गर्ने, २९% ले यथास्थितिमा राख्ने, ४% कम गर्दै जाने र २% ले बन्द गर्ने योजना रहेको विचार व्यक्त गरेकोदेखिन्छ ।

- सर्वेक्षणमा कफीखेती गर्ने कृषक/व्यवसायीहरुलाई कफीखेती प्रवर्धनका लागि सरकारले गर्नुपर्ने प्रमुखकार्यहरु के के हुन सक्छन भनी सोधिएकोमा प्राप्त १० प्रमुख सुझावहरु प्राथमिकताको आधारमा यस प्रकार रहेका छन् ।
  - ☞ गुणस्तरीय प्राविधिक सेवा सहज उपलब्ध गराइदिनु पर्ने
  - ☞ सिंचाईको सुविधा उपलब्ध गराईदिनु पर्ने
  - ☞ व्यवसाय प्रवर्द्धनका लागि तालिम र अध्यायन भ्रमणको व्यवस्था गरिदिनु पर्ने
  - ☞ उत्पादित कफी बिक्रीका लागि बजारको व्यवस्था गरिदिनु पर्ने
  - ☞ व्यवसाय प्रवर्द्धनका लागि अनुदान तथा सहयोग उपलब्ध गरिदिनु पर्ने
  - ☞ सहज तथा सहुलियतपूर्ण ऋण उपलब्ध गराइदिनु पर्ने
  - ☞ विउ, बिरुवा, मल छाहारी बोट, गुणस्तरीय औषधी सहज् तथा शुलभरुपमा उपलब्ध गराई दिनुपर्ने
  - ☞ आधुनिक मेशिन औजारको व्यवस्था गरि दिनुपर्ने
  - ☞ उचित मूल्य निर्धारण गरिनुपर्ने
  - ☞ विमाको व्यावस्था गरिनुपर्ने

# ५. व्यावसायिक कफीखेती सर्वेक्षण २०७५/७६ बाट प्राप्त जिल्लागत तालिकाहरु

## व्यावसायिक कफीखेती गरिएको क्षेत्रफल, बोट संख्या र उत्पादन

सर्वेक्षण अनुसार देशभर ३२ जिल्लाहरुमा व्यावसायिकरुपमा कफीखेती हुँदैआएको देखियो । विशेषतः प्रदेश नं. १, प्रदेश नं. ३, प्रदेश नं. ५ र गण्डकी प्रदेशमा बढि मात्रामा कफीखेती हुँदैआएको देखिन्छ । सर्वेक्षणबाट प्राप्त विवरण तालिका नं. १ अनुसार नेपालमा व्यवसायिकरुपमा कफीखेती गर्ने व्यवसायीको संख्या ६३४६ रहेको पाइयो भने सवैभन्दा बढी व्यवसायी संख्या काभ्रे जिल्लामा रहेको पाइयो जुन संख्या ९४३ (१४.८%) हुन आँउछ। यसरी नै दोस्रो स्थानमा रहेको जिल्ला सिन्धुपाल्चौकमा ७५५ (११.९%), तेस्रो स्थानमा रहेको जिल्ला स्याङ्जामा ७०८(११.२%) र चौथो स्थानमा रहेको जिल्ला गुल्मीमा ५७१(९.५%) व्यवसायीहरुले कफीखेती गरिरहेको सर्वेक्षणले देखाएकोछ। यी व्यावसायीहरुले देशभरमा ९७३ हे.जमिनमा व्यावसायिकरुपमा कफीखेती गरी करिव १५ लाख ५ हजार कफीका बोटहरु लगाएको देखिन्छ । सन्दर्भ अवधीमा फल लाग्ने उमेरका कफीका बोटहरु ८ लाख २१ हजार र फल नलाग्ने उमेरका कफीका बोटहरु ६ लाख ८४ हजार रहेको पाइएको छ। फल लाग्ने उमेरका बोटहरुबाट जम्मा १५ लाख ७३ हजार के.जी. फ्रेस चेरी उत्पादनभएको देखिन्छ । क्षेत्रफलको आधारमा पनि काभ्रे जिल्लामा सवैभन्दा बढी १०४ हे. मा कफीखेती हुदै आएको देखिएको छ भने ललितपुर र स्याङ्जा क्रमशः दोश्रो र तेश्रो स्थानमा रहेको पाइएको छ। यसैगरी उत्पादनको सन्दर्भमा पनि काभ्रे जिल्लामा सवैभन्दा बढी करिव २ लाख २२ हजार के.जी. (१४.१%) फ्रेस चेरी उत्पादन भएको सर्वेक्षणले देखाएको छ। दोश्रो र तेश्रो स्थानमा क्रमशः स्याङ्जा जिल्लामा करिव १ लाख ५८ हजार के.जी. (१०.१%) र सिन्धुपाल्चोक जिल्लामा १ लाख ४१ हजार के.जी. फ्रेस चेरी (९.०%) उत्पादन भएको सर्वेक्षणले देखाएको छ।

**तालिका नं. १: कफीखेती गरिएको क्षेत्रफल, बोट संख्या र उत्पादन**

| जिल्ला | कृषक/फर्मको संख्या | फल लाग्ने उमेर पुगेका बोट लगाएको क्षेत्रफल | फल लाग्ने उमेर पुगेका बोट संख्या | फल लाग्ने उमेर नपुगेका बोट लगाएको क्षेत्रफल | फल लाग्ने उमेर नपुगेका बोट संख्या | जम्मा बोट संख्या | जम्मा क्षेत्रफल | फ्रेस चेरी उत्पादन ( के.जी.) |
|---|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ्ग | २१ | १.१ | १५५५ | ३.३ | ४७९५ | ६३५० | ४.४ | २७७८ |
| संखुवासभा | १४ | ४.२ | ५४४८ | ४.७ | ४१६० | ९६०८ | ८.८ | ८५१० |
| ओखलढुङ्गा | १६ | ०.८ | १२८० | ०.७ | १३१२ | २५९२ | १.५ | २९६५ |
| खोटाङ्ग | २४ | ०.७ | ५५० | ४.९ | ११७७२ | १२३२२ | ५.५ | १५६१ |
| भोजपुर | १६ | ७.९ | १२२४१ | १०.० | १५३९७ | २७६३८ | १७.९ | १२४२७ |
| धनकुटा | १० | २.८ | ४७८५ | ३.३ | ५९५५ | १०७४० | ६.२ | ११९८३ |
| तेह्रथुम | १६६ | ०.८ | १५२७ | १५.३ | २१००८ | २२५३५ | १६.२ | ३८८३ |
| पाँचथर | ३७ | ४.२ | ४९४७ | ९.२ | १७९५० | २२८९७ | १३.४ | ११४२५ |
| इलाम | २३६ | १०.३ | ३२९२८ | ३२.९ | ५५२३० | ८८१५८ | ४३.१ | ४२६४९ |

| जिल्ला | कृषक/फर्मको संख्या | फल लाग्ने उमेर पुगेका बोट लगाएको क्षेत्रफल | फल लाग्ने उमेर पुगेका बोट संख्या | फल लाग्ने उमेर नपुगेका बोट लगाएको क्षेत्रफल | फल लाग्ने उमेर नपुगेका बोट संख्या | जम्मा बोट संख्या | जम्मा क्षेत्रफल | फ्रेस चेरी उत्पादन ( के.जी.) |
|---|---|---|---|---|---|---|---|---|
| उदयपुर | २९ | १.९ | २१९६ | १.६ | १९२९ | ४१२५ | ३.५ | ५४८० |
| दोलखा | ४७ | २.२ | ३३१३ | २.६ | ४३८४ | ७६९७ | ४.८ | ९७१७ |
| सिन्धुपाल्चोक | ७५५ | ४०.६ | ६१४५३ | ४२.१ | ६५३३७ | १२६७९१ | ८२.७ | १४१३५२ |
| रसुवा | ५३ | ४.१ | ७९०२ | ६.७ | १०४३२ | १८३३४ | १०.८ | १९१३६ |
| धादिङ्ग | १११ | ३१.६ | ५४७१४ | १७.६ | २८६८४ | ८३३९८ | ४९.२ | ७२७४४ |
| नुवाकोट | २६६ | ३३.३ | ६२०९४ | ३१.५ | ४९४७० | १११५६५ | ६४.८ | १३७२०१ |
| ललितपुर | ५२८ | ६३.९ | १००९४१ | ३२.४ | ४८२८८ | १४९२२९ | ९६.३ | १३६२८७ |
| काभ्रेपलाञ्चोक | ९४३ | ६५.५ | १००४३० | ३८.८ | ५१६५१ | १५२०८१ | १०४.३ | २२१९०७ |
| रामेछाप | २० | १.० | १२५० | १.३ | १६५० | २९०० | २.३ | १९७३ |
| सिन्धुली | २० | ०.६ | ६६० | १.० | १४६७ | २१२७ | १.६ | १८८० |
| मकवानपुर | १५ | ६.० | ११७८० | ०.७ | १३९५ | १३१७५ | ६.६ | १५६३७ |
| गोरखा | १७२ | १३.७ | १२६४४ | २९.७ | ३३७१० | ४६३५४ | ४३.४ | २२८४३ |
| म्याग्दी | १४ | ०.४ | १५९ | १.१ | २०५३ | २२१२ | १.५ | ३९० |
| कास्की | ५२४ | ४२.१ | ५८००३ | ४१.३ | ५५७८५ | ११३७८८ | ८३.३ | १३६०४३ |
| लमजुङ्ग | ९१ | ११.० | १५२५३ | ९.२ | १४६३८ | २९८९१ | २०.३ | ३३१२९ |
| तनहुँ | ७१ | ५.३ | १२१२७ | ५.१ | ७९६२ | २००८९ | १०.४ | १८८१७ |
| स्याङ्गजा | ७०८ | ५७.६ | ८८४२७ | ३६.५ | ५५५५४ | १४३९८१ | ९४.१ | १५८८४७ |
| पर्वत | २५१ | १४.८ | १९१५२ | ६.८ | ११३५४ | ३०५०६ | २१.७ | ४३०३७ |
| बाग्लुङ्ग | ४१ | ३.९ | ४६८२ | २.८ | ३२०१ | ७८८३ | ६.७ | ९३२५ |
| प्यूठान | १३ | ०.१ | १६० | ०.७ | ११३६ | १२९६ | ०.८ | ३२७ |
| गुल्मी | ५७१ | ४१.७ | ६११६७ | ३६.३ | ५६४४२ | ११७६०९ | ७८.० | १२५०६९ |
| अर्घाखाँची | २३३ | १९.१ | ३२६८८ | ४.९ | ८९६९ | ४१६५७ | २४.० | ७०८०४ |
| पाल्पा | ३३१ | २६.८ | ४३८१४ | १७.७ | ३०८५९ | ७४६७३ | ४४.५ | ९३५१३ |
| **जम्मा** | **६३४६** | **५१९.९** | **८२१३७१** | **४५२.७** | **६८३९३१** | **१५०५३०२** | **९७२.६** | **१५७३६३६** |

### क्षेत्रफल अनुसार व्यावसायीको संख्या र प्रतिशत

तालिका नं. २ अनुसार व्यावसायिकरुपमा कफीखेती गर्ने कुल व्यावसायीमध्ये १-५ रोपनी क्षेत्रफलमा खेती गर्ने व्यावसायीको प्रतिशत सबैभन्दा बढी अर्थात ७१ छ भने त्यसपछि क्रमशः १ रोपनीभन्दा घटी क्षेत्रफलमा खेतिगर्ने १६ प्रतिशत, ५-१० रोपनीमा ९ प्रतिशत र १० रोपनीभन्दा बढीमा खेति गर्ने व्यावसायी ४ प्रतिशत रहेको सर्वेक्षणले देखाएको छ ।

**तालिका नं. २: क्षेत्रफल अनुसार व्यावसायीको संख्या र प्रतिशत**

| जिल्ला | कृषक/फर्मको संख्या | कृषक/फर्मको संख्या (प्रतिशत) | | | |
|---|---|---|---|---|---|
| | | १ रोपनीभन्दा कम | १ देखि ५ रोपनी | ५ देखि १० रोपनी | १० वा सोभन्दा बढी |
| ताप्लेजुङ्ग | २१ | ० | ८६ | ५ | १० |
| संखुवासभा | १४ | ० | ३६ | ३६ | २९ |
| ओखलढुङ्गा | १६ | ० | १०० | ० | ० |
| खोटाङ्ग | २४ | ० | ९२ | ० | ८ |
| भोजपुर | १६ | १३ | ६३ | ६ | १९ |
| धनकुटा | १० | २० | ३० | २० | ३० |
| तेह्रथुम | १६६ | १९ | ७१ | ३ | ६ |
| पाँचथर | ३७ | ० | ७० | ७ | २४ |
| इलाम | २३६ | २ | ७९ | १२ | ६ |
| उदयपुर | २९ | ० | ९३ | ३ | ३ |
| दोलखा | ४७ | ० | १०० | ० | ० |
| सिन्धुपाल्चोक | ७५५ | २ | ९४ | ४ | ० |
| रसुवा | ५३ | २६ | ६९ | ० | ६ |
| धादिङ्ग | १११ | ८ | ७६ | ८ | ८ |
| नुवाकोट | २६६ | २८ | ५५ | १० | ७ |
| ललितपुर | ५२८ | ५ | ७० | २१ | ५ |
| काभ्रेपलाञ्चोक | ९४३ | ५ | ८७ | ७ | २ |
| रामेछाप | २० | ० | ९५ | ५ | ० |
| सिन्धुली | २० | २५ | ७५ | ० | ० |
| मकवानपुर | १५ | ३३ | ५३ | ० | १३ |
| गोरखा | १७२ | २३ | ७२ | ० | ५ |
| म्याग्दी | १४ | २१ | ७१ | ७ | ० |
| कास्की | ५२४ | १५ | ७२ | ८ | ४ |
| लमजुङ्ग | ९१ | १४ | ५१ | २० | १५ |
| तनहुँ | ७१ | २६ | ५९ | ७ | ८ |
| स्याङ्गजा | ७०८ | ४५ | ३७ | १५ | ३ |
| पर्वत | २५१ | ४२ | ५२ | ६ | ० |
| बाग्लुङ्ग | ४१ | ० | ८० | १८ | २ |
| प्यूठान | १३ | ३१ | ६९ | ० | ० |
| गुल्मी | ५७१ | ७ | ८४ | ५ | ५ |
| अर्घाखाँची | २३३ | ३८ | ५२ | ७ | ४ |
| पाल्पा | ३३१ | २२ | ६३ | १३ | २ |
| **जम्मा** | **६,३४६** | **१६** | **७१** | **९** | **४** |

## व्यावसायदर्ताको अवस्था र दर्ता गरेको निकाय

तालिका नं. ३ र तालिका नं. ४ ले कफी व्यावसायको जिल्लागत दर्ताको अवस्था र दर्ता गरी संचालन गरेको भए कुन सरकारी निकायमा दर्ता गरेको हो सो को प्रतिशत र जम्मा संख्या उल्लेख गरिएको छ । प्रस्तुत तालिका अनुसार नेपालमा दर्ता भइ संचालन भएका व्यावसाय/फर्मको प्रतिशत १.६६ छ भने दर्ता नगरी संचालन भएका ९८.३४ प्रतिशत छन । दर्ता गरी संचालन भएका व्यावसायमध्ये सबैभन्दा बढी अर्थात ४२ प्रतिशत घरेलु तथा साना उद्योग कार्यालय/विकास समितिमा दर्ता भएको पाइएको छ भने सबै भन्दा कम अर्थात ९.५ प्रतिशतले जिल्ला कृषि विकास कार्यालयमा दर्ता गरी व्यावसाय संचालन गरेको सर्वेक्षणले देखाएको छ । जिल्लागत रुपमा हेर्दा संखुवासभामा सबैभन्दा बढी अर्थात ३५.७% ले दर्ता गरी व्यावसायसंचालन गरेको यो सर्वेक्षणले देखाएको छ भने ९ वटा जिल्लामा व्यावसायदर्ता नगरी कफीखेती गर्ने गरेको पाइएको छ।

**तालिका ३: जिल्लागत रुपमा कफीखेती व्यावसाय दर्ता संख्या**

| जिल्ला | दर्ता भएको | प्रतिशत |
|---|---|---|
| ताप्लेजुङ्ग | २ | ९.५ |
| संखुवासभा | ५ | ३५.७ |
| ओखलढुङ्गा | १ | ६.३ |
| खोटाङ्ग | ३ | १२.५ |
| भोजपुर | २ | १२.५ |
| धनकुटा | १ | १०.० |
| तेह्रथुम | ० | ०.० |
| पाँचथर | १ | २.७ |
| इलाम | १९ | ८.३ |
| उदयपुर | १ | ३.४ |
| दोलखा | २ | ५.३ |
| सिन्धुपाल्चोक | १६ | २.१ |
| रसुवा | २ | ३.७ |
| धादिङ्ग | १ | ०.९ |
| नुवाकोट | ११ | ४.० |
| ललितपुर | ० | ०.० |
| काभ्रेपलाञ्चोक | ० | ०.० |

| जिल्ला | दर्ता भएको | प्रतिशत |
|---|---|---|
| रामेछाप | ० | ०.० |
| सिन्धुली | १ | ५.० |
| मकवानपुर | २ | १३.३ |
| गोरखा | २ | १.२ |
| म्याग्दी | १ | ७.१ |
| कास्की | २३ | ४.४ |
| लमजुङ्ग | ३ | ३.४ |
| तनहुँ | ० | ०.० |
| स्याङ्गजा | ० | ०.० |
| पर्वत | ० | ०.० |
| बाग्लुङ्ग | ४ | ८.९ |
| प्यूठान | १ | ७.७ |
| गुल्मी | ० | ०.० |
| अर्घाखाँची | १ | ०.४ |
| पाल्पा | ० | ०.० |
| **जम्मा** | **१०५** | **१.७** |

**तालिका ४: समष्टिगतरुपमा कफीखेती व्यावसाय दर्ता गरेको निकाय**

| व्यावसाय दर्ता गरेको निकाय | प्रतिशत |
|---|---|
| कम्पनी रजिष्टार कार्यालय | १३.८ |
| घरेलु तथा साना उद्योग कार्यालय/विकास समिति | ४२.० |
| जिल्ला कृषि विकास कार्यालय | ९.५ |
| स्थानीय तह (साविकको गा.वि.स./न.पा.) | १४.० |
| राष्ट्रिय चिया तथा कफी विकास बोर्ड | ३७.० |
| अन्य | १९.४ |

## प्राङ्गारिक पद्दति, प्रमाणिकरणको प्रकार र प्रमाणिकरण गर्ने निकाय सम्वन्धीविवरण

तालिका नं. ५,६ र ७ ले कफीखेती व्यावसायमा प्राङ्गारिक पद्धतिको प्रयोगको अवस्था र प्राङ्गारिक पद्धतिको प्रयोग गरिएको भए प्रमाणिकरणको प्रकारका वारेमा उल्लेख गरिएको छ। प्रस्तुत तालिका अनुसार प्राङ्गारिक पद्धति अपनाइ व्यावसायगर्नेको प्रतिशत उल्लेख्य अर्थात ९६ छ भने नअपनाइ खेती गर्नेको प्रतिशत ४ मात्र छ । प्राङ्गारिक पद्दति अपनाइ खेती गर्ने फर्म वा व्यावसायी मध्ये सहकारी/कम्पनी प्रमाणिकरण गर्ने ३४ प्रतिशत फर्म प्रमाणिकरण गर्ने ९ प्रतिशत र प्रमाणिकरण नगर्ने फर्म वा व्यावसायी ५७ प्रतिशत छन। यसै गरि प्रमाणिकरण गरिएका फर्म वा व्यावसायमध्ये नासा (NASA) बाट प्रमाणिकरण गर्ने सबै भन्दा बढी अर्थात ३९ प्रतिशत छन् भने त्यसपछि क्रमशः वान सर्ट (One Cert) बाट प्रमाणिकरण गर्ने ३३ प्रतिशत, एसिटी/ओसिएन (ACT/OCN) बाट २१ प्रतिशत, कन्ट्रोल युनियनबाट ३ प्रतिशत र अन्यबाट प्रमाणिकरण गर्ने ४ प्रतिशत फर्म वा व्यावसायछन् ।

**तालिका नं. ५ : जिल्लागतरुपमा प्राङ्गारिक पद्दति अनुसार कफीखेती गरिएका फर्म/व्यावसायको संख्या र प्रतिशत**

| जिल्ला | फर्म/व्यावसाय | प्रतिशत |
|---|---|---|
| ताप्लेजुङ्ग | २१ | १००.० |
| संखुवासभा | १४ | १००.० |
| ओखलढुङ्गा | १६ | १००.० |
| खोटाङ्ग | २४ | १००.० |
| भोजपुर | १६ | १००.० |
| धनकुटा | १० | १००.० |
| तेह्रथुम | १६६ | १००.० |
| पाँचथर | ३७ | १००.० |
| इलाम | २३६ | १००.० |
| उदयपुर | २८ | ९६.६ |
| दोलखा | ४२ | ८९.५ |
| सिन्धुपाल्चोक | ७३९ | ९७.९ |
| रसुवा | ५३ | १००.० |
| धादिङ्ग | १०३ | ९२.४ |
| नुवाकोट | २६६ | १००.० |
| ललितपुर | ५२८ | १००.० |
| काभ्रेपलाञ्चोक | ७७२ | ८१.९ |

| जिल्ला | फर्म/व्यावसाय | प्रतिशत |
|---|---|---|
| रामेछाप | १९ | ९५.० |
| सिन्धुली | २० | १००.० |
| मकवानपुर | १५ | १००.० |
| गोरखा | १७२ | १००.० |
| म्याग्दी | १४ | १००.० |
| कास्की | ५१३ | ९७.९ |
| लमजुङ्ग | ९१ | १००.० |
| तनहुँ | ७० | ९८.६ |
| स्याङ्गजा | ७०८ | १००.० |
| पर्वत | २४३ | ९७.० |
| बाग्लुङ्ग | ३७ | ९१.१ |
| प्यूठान | ८ | ६१.५ |
| गुल्मी | ५७१ | १००.० |
| अर्घाखाँची | २३३ | १००.० |
| पाल्पा | ३३१ | १००.० |
| **जम्मा** | **६११६** | **९६.४** |

**तालिका नं. ६ : प्रमाणिकरणको प्रकार**

| प्रमाणिकरणको प्रकार | प्रतिशत |
|---|---|
| फर्म प्रमाणिकरण | ९.० |
| सहकारी/कम्पनी प्रमाणिकरण | ३३.६ |
| प्रमाणिकरण नगरिएको | ५७.४ |

**तालिका नं. ७ : प्रमाणिकरण गर्ने निकाय**

| प्रमाणिकरण गर्ने निकाय | प्रतिशत |
|---|---|
| नासा(NASA) | ३९.४ |
| एसिटी/ओसियन(ACT/OCN) | २०.८ |
| कन्ट्रोल यूनियन(Control Union) | ३.० |
| वान सर्ट(One Cert) | ३३.३ |
| अन्य(Others) | ३.५ |
| **जम्मा** | १००.० |

## प्रमुख व्यावसायीको लिङ्ग

तालिका नं. ८ ले व्यावसायिक कफीखेतीमा संलग्न प्रमुख व्यावसायीको लिङ्गको बारेमा उल्लेख गरेको छ। प्रस्तुत तालिका अनुसार नेपालमा व्यावसायिककफीखेतीमा ७४ प्रतिशत पुरुष र २६ प्रतिशत महिला प्रमुख व्यावसायीका रुपमा संलग्न भएको पाइएको छ ।

**तालिका नं. ८ : जिल्लागतरुपमा प्रमुख व्यावसायीको  लिङ्ग (प्रतिशतमा)**

| जिल्ला | फर्म/व्यावसाय | पुरुष | महिला |
|---|---|---|---|
| ताप्लेजुङ्ग | २१ | ९०.५ | ९.५ |
| संखुवासभा | १४ | १००.० | ०.० |
| ओखलढुङ्गा | १६ | ८१.३ | १८.८ |
| खोटाङ्ग | २४ | ९१.७ | ८.३ |
| भोजपुर | १६ | १००.० | ०.० |
| धनकुटा | १० | १००.० | ०.० |
| तेह्रथुम | १६६ | ९०.५ | ९.५ |
| पाँचथर | ३७ | १००.० | ०.० |
| इलाम | २३६ | ९२.६ | ७.४ |
| उदयपुर | २९ | ८९.७ | १०.३ |
| दोलखा | ४७ | ८४.२ | १५.८ |
| सिन्धुपाल्चोक | ७५५ | ६२.५ | ३७.५ |
| रसुवा | ५३ | ६५.७ | ३४.३ |
| धादिङ्ग | १११ | ९२.४ | ७.६ |
| नुवाकोट | २६६ | ६२.४ | ३७.६ |
| ललितपुर | ५२८ | ७७.३ | २२.७ |
| काभ्रेपलाञ्चोक | ९४३ | ७७.१ | २२.९ |

| जिल्ला | फर्म/व्यावसाय | पुरुष | महिला |
|---|---|---|---|
| रामेछाप | २० | ८०.० | २०.० |
| सिन्धुली | २० | ७०.० | ३०.० |
| मकवानपुर | १५ | १००.० | ०.० |
| गोरखा | १७२ | ८०.३ | १९.७ |
| म्याग्दी | १४ | ८५.७ | १४.३ |
| कास्की | ५२४ | ६६.१ | ३३.९ |
| लमजुङ्ग | ९१ | ८२.९ | १७.१ |
| तनहुँ | ७१ | ८६.९ | १३.१ |
| स्याङ्गजा | ७०८ | ७७.६ | २२.४ |
| पर्वत | २५१ | ६६.७ | ३३.३ |
| बाग्लुङ्ग | ४१ | ९१.१ | ८.९ |
| प्यूठान | १३ | १००.० | ०.० |
| गुल्मी | ५७१ | ६२.७ | ३७.३ |
| अर्घाखाँची | २३३ | ७२.५ | २७.५ |
| पाल्पा | ३३१ | ७४.० | २६.० |
| **जम्मा** | **६३४६** | **७३.९** | **२६.१** |

## उमेर समूह अनुसार प्रमुख व्यावसायीको संख्या र प्रतिशत

तालिका नं. ९ ले नेपालमा व्यावसायिककफीखेतीमा संलग्न उमेर समूह अनुसार प्रमूख व्यावसायीको जिल्लागत संख्या र प्रतिशत उल्लेख गरेको छ। प्रस्तुत तालिका अनुसार नेपालमा सबै भन्दा बढी अर्थात ३० प्रतिशत प्रमुख व्यावसायी ४०-४९ बर्ष उमेर समूहका छन् भने सबै भन्दा कम अर्थात ४ प्रतिशत ३० बर्ष भन्दा कम उमेर समूहका छन् । यसै गरि ३०-३९ बर्ष उमेर समूहका प्रमुख व्यावसायी १५ प्रतिशत, ५०-५९ बर्ष उमेर समूहका २६ प्रतिशत र ६० बर्ष भन्दा बढी उमेर समूहका २५ प्रतिशत रहेको सर्वेक्षणले देखाएको छ ।

**तालिका नं. ९ : उमेर समूह अनुसार प्रमुख व्यावसायीको संख्या र प्रतिशत**

| प्रमुख व्यावसायीको उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| ३० बर्षभन्दा कम | २४४ | ३.८ |
| ३० देखि ३९ बर्षसम्म | ९६९ | १५.३ |
| ४० देखि ४९ बर्षसम्म | १९०२ | ३०.० |
| ५० देखि ५९ बर्षसम्म | १६५० | २६.० |
| ६० बर्षदेखि माथि | १५८२ | २४.९ |
| **जम्मा** | **६३४६** | **१००.०** |

## शैक्षिक योग्यता अनुसार प्रमुख व्यावसायीको संख्या र प्रतिशत

तालिका नं. १० मा नेपालमा व्यावसायिककफीखेतीमा संलग्न प्रमूख व्यावसायीको शैक्षिक योग्यता अनुसार जिल्लागत संख्या र प्रतिशत उल्लेख गरिएको छ। सर्वेक्षणले देखाए बमोजिम नेपालमा व्यावसायिककफीखेतीमा संलग्न प्रमुख व्यावसायीमध्ये सबै भन्दा बढी अर्थात ४८ प्रतिशत व्यावसायी कक्षा १० वा सो भन्दा कम शैक्षिक योग्यता भएका छन भने निरक्षरको प्रतिशत ७ रहेको छ ।

**तालिका नं. १० : शैक्षिक योग्यता अनुसार प्रमुख व्यावसायीको संख्या र प्रतिशत**

| शैक्षिक योग्यता | प्रमुख व्यावसायी | प्रतिशत |
|---|---|---|
| कक्षा १० वा सोभन्दा कम | ३,०७३ | ४८.४ |
| एस.इ.इ. | ८५८ | १३.५ |
| +२ वा आइ.ए. | ४५१ | ७.१ |
| स्नातक | २१६ | ३.४ |
| स्नातकोत्तर | १५९ | २.५ |
| पि.एच.डी. (डा.) | १२ | ०.२ |
| साक्षर | १,१०२ | १७.४ |
| निरक्षर | ४७५ | ७.५ |
| **जम्मा** | **६,३४६** | **१००.०** |

## जात/जाति अनुसार प्रमुख व्यावसायीको संख्या र प्रतिशत

तालिका नं. ११ मा नेपालमा व्यावसायिककफीखेतीमा संलग्न प्रमुख व्यावसायीको जात/जाति अनुसार जिल्लागत संख्या र प्रतिशत उल्लेख गरिएको छ। प्रस्तुत तालिकाले नेपालमा सबैभन्दा बढी अर्थात ४२.५१ प्रतिशत ब्राम्हणहरु प्रमुख व्यावसायीको रुपमा यस व्यावसायमा संलग्न रहेको देखाएको छ भने त्यसपछि क्रमशः क्षेत्री (१५.२), मगर (८.४), तामाङ (७.८), राई (५.९), लिम्बु (५.५), गुरुङ (४.१) र नेवार (३.४) हरु रहेका छन ।

**तालिका नं. ११ : जात/जाति अनुसार प्रमुख व्यावसायीको संख्या र प्रतिशत**

| जातजाति | प्रतिशत |
|---|---|
| ब्राम्हण - पहाड | ४२.५ |
| क्षेत्री | १५.२ |
| मगर | ८.४ |
| तामाङ्ग | ७.८ |
| राई | ५.९ |
| लिम्बु | ५.५ |
| गुरुङ्ग | ४.१ |
| नेवार | ३.४ |
| अन्य | ७.२ |
| **जम्मा** | **१००.०** |

## व्यावसाय संचालन बर्षको आधारमा व्यावसायको संख्या तथा प्रतिशत

तालिका नं. १२ व्यावसायिककफीखेती संचालन भएको बर्ष अवधिका आधारमा व्यावसायको संख्या तथा प्रतिशत उल्लेख गरिएको छ। सर्वेक्षणले देखाएबमोजिम नेपालमा २०६०-२०६९ को अवधिमा सबै भन्दा बढी अर्थात ५० प्रतिशत व्यावसायीले यो व्यावसायसंचालन शुरु गरेको पाइएको छ भने २०४० साल भन्दा अघि यो व्यावसायसंचालन शुरु गर्ने व्यावसायीको प्रतिशत १ मात्र छ।

**तालिका नं. १२ : संचालन बर्ष अवधिका आधारमा व्यावसायको संख्या तथा प्रतिशत**

| व्यावसाय सञ्चालन गरको बर्ष | संख्या | प्रतिशत |
|---|---|---|
| २०४० सालभन्दा अगाडी | ७२ | १.१ |
| २०४० देखि २०४९ सालसम्म | २६५ | ४.२ |
| २०५० देखि २०५९ सालसम्म | ११०१ | १७.४ |
| २०६० देखि २०६९ सालसम्म | ३१८४ | ५०.२ |
| २०७० देखि माथि | १७२४ | २७.२ |
| **जम्मा** | **६३४६** | **१००.०** |

## रोजगारसम्बन्धी बिवरण

तालिका नं. १३ ले व्यावसायिक कफीखेतीमा सृजित रोजगारीको अवस्थाबारे सर्वेक्षण मार्फत गरिएको अध्ययनले महिला ४१ र पुरुष ७२ गरि कूल तलवी स्थायी कामदार संख्या ११३ रहेको देखिन्छ भने वेतलवी कामदार ( संचालनक/परिवारका सदश्य) संख्या महिला ७१६९ र पुरुष ६७११ गरि जम्मा १३८८० रहेको देखिन्छ। यसरी नै अस्थायी कामदारको सन्दर्भमा व्यावसायिक कफीखेतीमा २६९८३ महिला कार्यदिन र १५५०१ पुरुष कार्यदिनको प्रयोग भएको सर्वेक्षणले देखाएकोछ।

**तालिका नं. १३रोजगारसम्बन्धी विवरण (स्थायी/अस्थायी)**

| जिल्ला | कफी कृषक/व्यावसाय | स्थायी कर्मचारी संख्या | | | | अस्थायी कामदार (कार्यदिन) | |
|---|---|---|---|---|---|---|---|
| | | सञ्चालक/परिवारका सदस्य (वेतलवी) | | व्यवस्थापकीय/प्रशासकीय/प्राविधिक/उत्पादनशील कामदार (तलवी) | | प्राविधिक/उत्पादनशील कामदार (तलवी) | |
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| ताप्लेजुङ्ग | २१ | २० | ८ | ० | ० | १४० | १२८ |
| संखुवासभा | १४ | १५ | १४ | ० | ० | १५४ | २०२ |
| ओखलढुङ्गा | १६ | २० | २४ | १ | २ | २१ | ४१ |
| खोटाङ्ग | २४ | १९ | १९ | २ | ० | २२ | १३ |

| जिल्ला | कफी कृषक/व्यावसाय | स्थायी कर्मचारी संख्या | | | | अस्थायी कामदार (कार्यदिन) | |
|---|---|---|---|---|---|---|---|
| | | सञ्चालक/परिवारका सदस्य (वेतलवी) | | व्यवस्थापकीय/प्रशासकीय/प्राविधिक/उत्पादनशील कामदार (तलवी) | | प्राविधिक/उत्पादनशील कामदार (तलवी) | |
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| भोजपुर | १६ | २० | ११ | १ | १ | ६२३ | ५५९ |
| धनकुटा | १० | १० | ४ | १ | ० | १६८ | ७५ |
| तेह्रथुम | १६६ | १६१ | १०१ | ० | ० | १६८ | ५३ |
| पाँचथर | ३७ | ३९ | १८ | ० | ३ | १४२ | २०४ |
| इलाम | २३६ | २४२ | १३७ | १ | ० | ८९४ | ८८४ |
| उदयपुर | २९ | २३ | २६ | ० | ० | २८ | ५० |
| दोलखा | ४७ | ५२ | ६४ | ० | ० | १२ | २२ |
| सिन्धुपाल्चोक | ७५५ | ७८६ | ९५९ | ० | ० | ५३५ | ८१८ |
| रसुवा | ५३ | ७९ | ७० | ५ | १ | १६९ | ३६० |
| धादिङ्ग | १११ | १३६ | १३५ | ५ | ६ | ३६० | २६५४ |
| नुवाकोट | २६६ | ३७७ | ३८२ | १३ | १२ | ३३४५ | ४८०२ |
| ललितपुर | ५२८ | ६३६ | ६९६ | १२ | ० | ३३५७ | ३७६९ |
| काभ्रेपलाञ्चोक | ९४३ | १११३ | १२०६ | ० | ० | ८६५ | २३१६ |
| रामेछाप | २० | २६ | २६ | ० | ० | २०८ | ११२ |
| सिन्धुली | २० | २५ | २४ | ० | ० | ४० | ५० |
| मकवानपुर | १५ | १५ | ० | ० | ० | २४८ | ४१५ |
| गोरखा | १७२ | १५२ | १६६ | २ | १ | २८३ | ९८२ |
| म्याग्दी | १४ | १४ | १४ | ० | ० | ० | ५ |
| कास्की | ५२४ | ४९२ | ४९३ | ० | ० | ७३३ | १८९९ |
| लमजुङ्ग | ९१ | ९४ | ९१ | ० | ० | २५४ | २५८ |
| तनहुँ | ७१ | ७१ | ६६ | ० | ० | २८ | ६४ |
| स्याङ्गजा | ७०८ | ६३८ | ६८९ | १ | ० | २३१ | १८७० |
| पर्वत | २५१ | १९८ | २८१ | ० | ० | ६८ | ६१६ |
| बाग्लुङ्ग | ४१ | ४४ | ४८ | ० | ० | ० | २१४ |
| प्यूठान | १३ | २० | १२ | १२ | ७ | ५१ | २९ |
| गुल्मी | ५७१ | ५९८ | ७१७ | ० | ० | १५७४ | २०२७ |
| अर्घाखाँची | २३३ | २३३ | २७३ | १६ | ८ | ४८३ | ६४१ |
| पाल्पा | ३३१ | ३४५ | ३९६ | ० | ० | २९४ | ८५० |
| **जम्मा** | **६३४६** | **६७११** | **७१६९** | **७२** | **४१** | **१५५०१** | **२६९८२** |

## चालु खर्चसम्वन्धि बिवरण

तालिका नं. १४ ले कफीखेतीमा भएको चालु खर्च सम्वन्धि बिवरणहरु उल्लेख गरेको छ। प्रस्तुत तालिका अनुसार नेपालमा व्यावसायीकफीखेतीमा चालु खर्चवापत जम्मा चार करोड पच्चिस लाख एकाउन्न हजार तिन सय पचहत्तर रुपैयाँ खर्च भएको देखिन्छ भने सबै भन्दा बढी खर्च अर्थात दुइ करोड उन्नासि लाख सैंतिस हजार सात सय चार रुपैयाँ तलव ज्याला वापत भएको देखिन्छ। यसै गरि मल खरिदमा अट्ठाइस लाख बहत्तर हजार पाँच सय चौध, बिरुवा खरिदमा पच्चिस लाख त्रीसट्ठी हजार नौ सय छयत्तर र अन्य खर्च अन्तर्गत एकानब्बे लाख सतहत्तर हजार एक सय असि रुपैयाँ खर्च भएको सर्वेक्षणले देखाएको छ ।

**तालिका नं. १४ : जिल्लागतरुपमा कफीखेतीमा भएको चालु खर्चसम्बन्धी बिवरण**

| जिल्ला | फर्म/व्यावसाय संख्या | विरुवा खरिद | मल खरिद | अन्य खर्च | तलब ज्याला | जम्मा खर्च |
|---|---|---|---|---|---|---|
| ताप्लेजुङ्ग | २१ | ८००० | ३००० | ११८०० | १३३७०० | १५६५०० |
| संखुवासभा | १४ | १४५०० | २५००० | ९६९०० | १७७७०० | ३१४१०० |
| ओखलढुङ्गा | १६ | ८४५० | २४००० | ९६७०० | २०१००० | ३३०१५० |
| खोटाङ्ग | २४ | १४९१२० | २७००० | २००७०० | १०२००० | ४७८८२० |
| भोजपुर | १६ | १७५०० | २००० | ८७४०० | ७२१७०० | ८२८६०० |
| धनकुटा | १० | ३०३७५ | १३००० | १२९६०० | २३१००० | ४०३९७५ |
| तेह्रथुम | १६६ | ६५८०६ | ७८९७ | १५७९४ | ८१६०० | १७१०९७ |
| पाँचथर | ३७ | ७२०० | १०५०० | १५३५४० | ४७६६६० | ६४७९०० |
| इलाम | २३६ | ८०१७० | ११३९४० | ३२१४६२ | ८२४८४४ | १३४०४१७ |
| उदयपुर | २९ | ५४१५० | २००० | ३०० | ३१००० | ८७४५० |
| दोलखा | ४७ | ११०८ | २४६३ | ४०१४९ | १४४०९ | ५८१३१ |
| सिन्धुपाल्चोक | ७५५ | ४९५३४ | ३९३१३ | ३८३६९० | ७०४४८० | ११७७०१६ |
| रसुवा | ५३ | ६४९८२ | ३५००० | २४७९६७ | ९२५००९ | १२७२९५८ |
| धादिङ्ग | १११ | १५५४०० | ५८४८४० | ४७१०१० | २०४२६४० | ३२५३८९० |
| नुवाकोट | २६६ | १९७३९९ | ४८०९३८ | १९६८१६० | ७९५८७५० | १०६०५२४८ |
| ललितपुर | ५२८ | १५९५३७ | १७९५९ | २८७६०६ | ४१३२६०५ | ४५९७७०७ |
| काभ्रेपलाञ्चोक | ९४३ | २६५५९१ | ४९४१२ | २८१०२१५ | १४५३७९९ | ४५७९०१७ |
| रामेछाप | २० | २२१५० | ४०००० | ३५५०० | १३०७५० | २२८४०० |
| सिन्धुली | २० | ८९७५ | १२००० | १९१०० | ४४००० | ८४०७५ |
| मकवानपुर | १५ | २७००० | ७४२०० | ७५३०० | ३३१५०० | ५०८००० |
| गोरखा | १७२ | १०६४२७ | १७२५६८ | ३९७०६४ | ९३३९४० | १६०९९९९ |
| स्याग्दी | १४ | १००० | २००० | ० | १५०० | ४५०० |
| कास्की | ५२४ | ४०५२१६ | ७१५३९१ | ६२७८४१ | १४६४९५५ | ३२१३४०३ |
| लमजुङ्ग | ९१ | ५८६९५ | २७३१०३ | १२४१४ | ३२१२०७ | ६६५४१९ |

| जिल्ला | फर्म/व्यावसाय संख्या | विरुवा खरिद | मल खरिद | अन्य खर्च | तलब ज्याला | जम्मा खर्च |
|---|---|---|---|---|---|---|
| तनहुँ | ७१ | ५०११२ | ३००० | ६२०२ | ४४५९२ | १०३९०६ |
| स्याङ्गजा | ७०८ | १२७७८१ | १०७७९२ | १००९३५ | ८०६९०३ | ११४३४१० |
| पर्वत | २५१ | १५२० | ७६०० | ० | २७०८६४ | २७९९८४ |
| बाग्लुङ्ग | ४१ | १८०० | २००० | ० | ६६०४० | ६९८४० |
| प्यूठान | १३ | १६६०० | २००० | २१५०० | २४०००० | २८०१०० |
| गुल्मी | ५७१ | १९४२२१ | ८००० | ३७८८९३ | २०६६८६० | २६४७९७४ |
| अर्घाखाँची | २३३ | ८८७६० | ११५९७ | ६६०३२ | ४७१०२३ | ६३७४११ |
| पाल्पा | ३३१ | १२४८९८ | ३००० | ११३४०७ | ५३०६७४ | ७७१९७८ |
| **जम्मा** | **६३४६** | **२५६३९७६** | **२८७२५१४** | **९१७७१८०** | **२७९३७७०४** | **४२५५१३७५** |

## पूँजीगत खर्चसम्वन्धि बिवरण

तालिका नं. १५ ले कफीखेतीमा भएको पूँजिगत खर्च सम्वन्धि बिवरणहरु उल्लेख गरेको छ। प्रस्तुत तालिका अनुसार नेपालमा व्यावसायिककफीखेतीमा पूँजिगत खर्चवापत जम्मा एक करोड सत्तरी लाख खर्च भएको सर्वेक्षणले देखाएको छ। पूँजीगत खर्च शिर्षक अन्तर्गत तुलनात्मक रुपमा बढी खर्च पल्पिङ मेसिन खरिदमा भएको देखिन्छ जुन खर्च एक्काइस लाख त्रीयत्तर हजार रुपैयाँ हुन आँउछ।

**तालिका नं. १५ : शीषर्कगतरुपमा पूँजीगत खर्च**

| **खर्च शीर्षक** | **जम्मा मूल्य रु. (हजारमा)** |
|---|---|
| जमिन खरिद | १७४० |
| घर खरिद | ७५० |
| आधुनिक मेशिन | १३१५ |
| बाल्टिन/ड्रम | १५८४ |
| पल्पिङ्ग मेशिन | २१७३ |
| रोष्टर मेशिन | ११० |
| जेनेरेटर | ७४८ |
| पम्पिङ्गसेट/मोटर | १२२४ |
| कम्प्युटर/प्रिन्टर | ९८ |
| सवारी साधन | १२० |
| पूँजीगत मर्मत | ४९२ |
| फर्निचर | १९२ |
| अन्य | ६५३७ |
| **जम्मा** | **१७०८४** |

## कफीखेती गरिएका कित्ताहरुको उचाईगत बिवरण

